गैडहवा गाउँपालिका
Gaidahawa Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
गैडहवा, रुपन्देही
Gaidahawa-5, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या:- २०८१/०८२ मितिः २०८१।१२।२५
च.नं.:-

प्रेस विज्ञप्ति

गैडहवा गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरु नेपाल सरकारले संघीय शिक्षा ऐन जारी नगरेको र शिक्षकहरुको माग सम्बोधन नभएको भनी संघीय शिक्षा ऐन जारी गराउनका लागि मिति २०८१।१२।२० गते देखि काठमाडौं केन्द्रित अनिश्चितकालिन आन्दोलनमा सहभागि भएकोले उक्त आन्दोलनबाट विद्यालयका नियमित कामकाज तथा गाउँपालिकाका शैक्षिक कार्यक्रमहरुमा पनि प्रत्यक्ष प्रभाव परेको र शैक्षिक सत्र २०८२ को भर्ना अभियानसमेत तोकिएको समयमा सञ्चालन गर्न नसकिने अवस्था सृजना भएको छ।

यस परिप्रेक्क्षमा, नेपाल सरकारलाई नेपाल शिक्षक महासघंका जायज मागहरु गम्भिरतापूर्वक यथाशीघ्र सम्बोधन गर्न र विद्यालय शिक्षा ऐन जारी गरी समस्या समाधान गर्न अनुरोध गर्दै शिक्षकका मागको उचित सम्बोधनले शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास लिएको छु।

शिक्षा क्षेत्रको स्थायित्व र प्रगतिको लागि मर्यादित एवंम प्रतिष्ठित शिक्षण पेसामा संलग्न शिक्षकहरुलाई उच्च मनोबलका साथ विद्यालयमा फर्कने वातावरण निर्माणका लागि अनुरोध गर्दछु।

सुरेन्द्र पौडयाल
अध्यक्ष